## समितिको मिति २०७७।०२।२९ को निर्णय::

शिक्षा तथा स्वास्थ्य समितिको बैठक समितिका सभापति माननीय जयपुरी घर्तीको सभापतित्वमा बस्यो । आजको बैठकमा विद्यार्थीहरुको पठनपाठन, परिक्षा र सामुदायिक तथा निजी विद्यालयको सम्बन्धमा व्यापक छलफल गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई देहाय बमोजिमको निर्देशन दिने निर्णय भयो ।

१. सार्वजनिक शिक्षाको सम्बन्धमा राज्यको जिम्मेवारी हो भन्ने कुरा संविधान र कानूनहरुले नै प्रष्ट बनाएको छ । त्यसैले सामुदायिक विद्यालयको लागि स्रोत साधन उपलब्ध गराउने, गुणस्तर वृद्धि गर्ने, भौतिक पूर्वाधारको सुनिश्चित गर्ने लगायत सम्पूर्ण दायित्व सरकारको नै भएकोले सामुदायिक माध्यमिक विद्यालयको पूर्ण जिम्मा सरकारले लिनु पर्ने ।

२. कोरोना संक्रमणले ल्याएको संकटपूर्ण अवस्थामा यो वर्षको लागि SEE परिक्षा संचालन नगर्ने निर्णय उपयुक्त छ । संविधान र कानूनले कक्षा १२ सम्म विद्यालय शिक्षा भनेर किटान गरेकोले यस वर्षको लागि स्थगित भएको SEE परिक्षालाई सधैँको लागि हटाएर कक्षा १०, कक्षा ११ का परिक्षाहरु स्थानीय तहबाट संचालन गरि कक्षा १२ मा मात्रै राष्ट्रिय स्तरको परिक्षा हुने गरी आवश्यक कानूनी व्यवस्था गर्ने ।

३. कोरोना संक्रमणको कारणले विद्यालय तथा विश्वविद्यालयमा नियमित पठनपाठन अवरुद्ध रहिरहेकोले हालको परिस्थितिमा सिकाइको निरन्तरताको लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बनाएको कार्यविधी माथि यस समितिको छलफलमा माननीयहरुले देहाय बमोजिमको सुझाव दिनुभएकोले सुझावहरु समेटिनु पर्ने :

- अति विपन्न परिवारका विद्यार्थीहरुलाई प्राथमिकतामा राखी यो समुहको विद्यार्थीहरुको सिकाइको निरन्तरता सुनिश्चित गर्ने ।
- फरक क्षमता भएका विद्यार्थीहरुका लाीग विशेष व्यवस्था गर्नुपर्ने ।
- सामुदायिक विद्यालयका विद्यार्थीको सिकाइको सम्बन्धमा प्रभावकारी र निरन्तर अनुगमन गर्ने व्यवस्था गर्नुपर्ने ।
- सामुदायिक विद्यालयलाई सूचना प्रविधिको प्रयोग गर्न सक्ने बनाउन प्रविधि, पूर्वाधार र जनशक्ति तालिमको व्यवस्था गर्नुपर्ने र कार्यक्रमहरु संचालन गर्नकोलागि आर्थिक श्रोतको समेत सुनिश्चितता गर्नु पर्ने ।
- सामुदायिक विद्यालयहरुमा प्रविधिको दिर्घकालिन व्यवस्था गर्नुपर्ने ।
- पठनपाठन सिकाईमा सामुदायिक र नीजि स्कूललाई एकरुपतामा लैजानु पर्ने ।

४. बाल विकासमा कार्यरत शिक्षक र कर्मचारीहरुलाई सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम पारिश्रमिक उपलव्ध गाराउनु पर्ने ।

समितिको आगामि बैठक अर्को सूचना गरेपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।